मिति: २०८३/०७/११

श्रीमान् प्रधानाध्यापकज्यू

........................................................

........................................................

विषय: निबन्ध लेखन प्रतियोगितामा सहभागी गराइदिने सम्बन्धमा।

महोदय,

उपर्युक्त सम्बन्धमा यस हंस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको वार्षिक कार्यक्रम “हंससँग विद्यार्थी” अन्तर्गत “सहकारीमा युवाहरूको पहुँच” शीर्षकमा माध्यमिक विद्यालय स्तरीय निबन्ध लेखन प्रतियोगिता सञ्चालन गर्न लागिएको व्यहोरा जानकारी गराउँदछौँ। उक्त प्रतियोगितामा तपाईंको विद्यालयबाट दुई जना विद्यार्थी (१ छात्र/ १ छात्रा) लाई तपसिल बमोजिमको मिति, स्थान र समयमा सहभागी गराइदिनुहुन हार्दिक अनुरोध गर्दछौँ। सहभागीको नाम र विवरण २०८३ कार्तिक १४ गतेभित्र संस्थाको विजयनगर सेवाकेन्द्र वा जीतपुर सेवाकेन्द्रमा दर्ता गराइसक्नुहुन पनि अनुरोध गर्दछौँ। साथै निबन्ध लेखन प्रतियोगिता शुरु हुनुभन्दा अगाडी "सहकारीमा बाल बचत" सम्बन्धी प्रशिक्षण समेत संचालन गरिने जानकारी गराइन्छ ।

<u>तपसिल</u>

मिति: २०८३ साल कार्तिक १५ गते, आइतबार

स्थान: चारपाते युवा क्लबको सभाहल, भरतपुर–१६, विजयनगर (दुर्गा शेषकान्त मा.वि.)

समय: बिहान ११:०० बजे

सम्पर्क: विजयनगर सेवाकेन्द्र: ९८०२९५६०५५, जीतपुर सेवाकेन्द्र: ९८०२९५६०७७

निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सामान्य जानकारी:

१. निबन्धको शीर्षक “सहकारीमा युवाहरूको पहुँच” रहनेछ।
२. निबन्ध ४०० देखि ५०० शब्दभित्रको हुनुपर्नेछ।
३. निबन्ध लेखनका लागि ९० मिनेटको समय सीमा रहनेछ।
४. सहभागीले लेखनका लागि आवश्यक कलम आफैँ ल्याउनुपर्नेछ, कागज संस्थाले उपलब्ध गराउनेछ।
५. निबन्धको मूल्यांकन देहायका मापदण्डका आधारमा गरिनेछ : विषयवस्तुको प्रस्तुति र सान्दर्भिकता; भाषिक शुद्धता; विचारहरूको मौलिक र सिर्जनात्मक प्रस्तुति; शब्द सीमाको पालना; निष्कर्ष र समापनको प्रभावकारिता।

पुरस्कारको विवरण:

प्रथम: नगद रु. ४,०००।–, १ थान पुस्तक र प्रमाण–पत्र

द्वितीय: नगद रु. ३,०००।–, १ थान पुस्तक र प्रमाण–पत्र

तृतीय: नगद रु. २,०००।–, १ थान पुस्तक र प्रमाण–पत्र

चतुर्थ (सान्त्वना) : नगद रु. १,०००।–, १ थान पुस्तक र प्रमाण–पत्र

उपर्युक्त बमोजिम विद्यार्थीहरूलाई सहभागी गराई कार्यक्रमलाई सफल बनाइदिनुहुन पुनः अनुरोध गर्दछौँ।

.............................

नारायण प्रसाद सापकोटा

प्रबन्धक

.............................

देशबन्धु अधिकारी

संयोजक, शिक्षा उपसमिति